# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, पुष २८ गते, २०८१ साल (अतिरिक्ताङ्क १५

## भाग १

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### राप्ती उपत्यका (देउखुरी), नेपालको

### सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८१ सालको ऐन नं ०५

# प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "**प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८१**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ५ मा संशोधनः** प्रदेश निजामती सेवा ऐन, २०८० (यस पछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (२) मा रहेका "रहने तहको" भन्ने शब्दहरु झिकिएका छन।

**३. मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को,

(१) उपदफा (१) को तालिकामा रहेको सहायक तह अन्तर्गत खण्ड (ग) को सट्टा देहायको खण्ड (ग), अधिकृत तह अन्तर्गतको खण्ड (ज), (झ) को सट्टा देहायको खण्ड (ज) र (झ) राखिएका छनः-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ग) | पाँचौ | ६५% | १०% | १०% | १५% | |
| (ज) | नवौं | २०% | १०% | ३५% | ३५% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (झ) | नवौं | २०% | १०% | ४०% | ३०% | स्वास्थ्य सेवाका लागि |

(२) उपदफा (२) मा रहेका "अनुभव प्राप्त गरेको" भन्ने शब्दहरुको सट्टा" अनुभव प्राप्त गरेको र स्नातक उपाधि हासिल गरेको" भन्ने शब्दहरु राखिएका छन् र सोही उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(३) उपदफा (५) झिकिएको छ।

(४) उपदफा (१४) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्वास्थ्य सेवाका कर्मचारीका हकमा खुल्ला तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहको वा समान तहमा स्तरवृद्धि वा तहवृद्धि भई पदनाम प्राप्त गरेको तर यो ऐन बमोजिम समायोजन भई पदस्थापना भई नसकेको कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पुरा गरेको भएमा निज सो परीक्षामा सामेल हुन सक्नेछ साथै यस ऐनको दफा २८ को उपदफा (१क) बमोजिमको सातौं तहमा तहवृद्धि लिई पदनाम प्राप्त गरेको तर पदस्थापन नभएको कर्मचारीले समेत

सातौं तहको परिक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा निज सातौं तहको परीक्षामा सामेल हुन सक्नेछ।"

(५) उपदफा (१५) को खण्ड (ख) पछि रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको र सोही उपदफाको खण्ड (ग) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्वास्थ्य सेवाको पदमा पदपूर्ति संघीय स्वास्थ्य सेवा सम्बन्धी कानून बमोजिम हुनेछ।"

(६) उपदफा (१७) मा रहेका "गर्दाका बखत" भन्ने शब्दहरुको सट्टा "हुन नसकि" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल ऐनको दफा ११ मा संशोधन:** मूल ऐनको दफा ११ को उपदफा (१) मा रहेको तालिका र स्पष्टिकरण (क) को सट्टा देहाय बमोजिमको तालिका र स्पष्टिकरण (क) राखिएका छनः-

"

| क्र. सं. | समूह | जम्मा प्रतिशत | महिला | पुरुष | यौनिक तथा लैङ्गिक अल्पसंख्यक |
|---|---|---|---|---|---|
| १. | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | १% | - | - | १% |
| २. | सीमान्तकृत | ३% | १.५% | १.५% | |
| ३. | पिछडिएको वर्ग र क्षेत्र | ३% | १.५% | १.५% | |
| ४. | अपाङ्गता भएका व्यक्ति | ३% | १.५% | १.५% | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | विपन्न खस आर्य | ५% | २.५% | २.५% | |
| ६. | मुस्लिम | ७% | ३.५% | ३.५% | |
| ७. | थारु | १४% | ७% | ७% | |
| ८. | खस आर्य महिला | १५% | १५% | - | |
| ९. | दलित (पहाडी र मधेशी) | १५% | ८% | ७% | |
| १०. | मधेसी | १६% | ८% | ८% | |
| ११. | आदिवासी जनजाती | १८% | ९% | ९% | |

(क) **"पिछडिएको वर्ग र क्षेत्र"** भन्नाले प्रदेश सरकारले मानव विकास सूचाङ्क समेतमा आधारित भई प्रत्येक पाँच वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी लुम्बिनी प्रदेश भित्रका पिछडिएको वर्ग र क्षेत्र भनी तोकेको वर्ग र क्षेत्र सम्झनु पर्छ।"

**५.** **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ कोः-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेको प्रतिबन्धात्मक वाक्यांश (१) मा रहेका "चालिस वर्ष" भन्ने शब्दहरु पछि "र स्वास्थ्य सेवाका कर्मचारीको हकमा पैंतालिस वर्ष" भन्ने शब्दहरु थपिएका र सोहि खण्ड (घ) मा रहेको प्रतिबन्धात्मक वाक्यांश (२) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (२) राखिएको छः-

"(२) संघीय निजामती सेवाको, सबै प्रदेशको निजामती सेवाको र सबै स्थानीय तहको स्थानीय सेवाको

पदमा बहाल रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन्,"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवाका समान पदमा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुला वा अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

तर दफा १० को उपदफा (१४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको उम्मेदवारलाई प्रतिस्पर्धा गर्न वा उम्मेदवार बन्न बाधा पुगेको मानिने छैन।"

६. **<u>मूल ऐनको दफा २४ मा संशोधन</u>**: मूल ऐनको दफा २४ को उपदफा (३) मा रहेका "निजामती कर्मचारीलाई" शब्दहरुको पछि "दफा १९ को उपदफा (२) को अवस्थामा बाहेक" भन्ने शब्दहरु थपिएका छन्।

७. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को खण्ड (घ) मा रहेका “कर्मचारीलाई” भन्ने शब्दहरु पछि “आर्थिक मामिला मन्त्रालयबाट निर्धारित मापदण्ड बमोजिम” भन्ने शब्दहरू थपिएका छन् ।"

८. **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>**: मूल ऐनको दफा २६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "काजमा खटाउन सकिनेछ" भन्ने शब्दहरु पछि "र स्वास्थ्य सेवाका कर्मचारीका लागि एक वर्षमा तीस दिन भन्दा बढी समयको लागि काजमा खटाउन सकिने छैन" भन्ने शब्दहरु थपिएका छन् ।

९. **<u>मूल ऐनको दफा २८ मा संशोधन</u>**: मूल ऐनको दफा २८ को-,

(१) उपदफा (१) मा रहेका "पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको शैक्षिक योग्यता हासिल गरेका" भन्ने शब्दहरुको सट्टा "देहाय बमोजिमको भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका" भन्ने शब्दहरु राखिएको र सोहि उपदफामा रहेको तालिका र तालिका मुनिको प्रतिबन्धात्मक वाक्यांशको सट्टामा देहाय बमोजिमको तालिका राखिएको छः-

| क्र.सं | हालको तह | तह वृद्धि हुने तह | आवश्यक भौगोलिक क्षेत्रको अनुभव | तह वृद्धि हुने तह भन्दा एक तह मुनिको पदमा कार्य सम्पादन मुल्याङ्कनमा प्राप्त गर्नुपर्ने अङ्क |
|---|---|---|---|---|
| १. | पाँचौं | छैठौं | कम्तीमा एक वर्ष "क" वर्गको भौगोलिक क्षेत्र वा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्र | पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा |

| | | | | |
|---|---|---|---|---|
| २. | सातौं | आठौं | कम्तीमा एक वर्ष "क" वर्गको भौगोलिक क्षेत्र वा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्र | औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेको |
| ३. | नवौ | दशौं | कम्तीमा एक वर्ष "क" वर्गको भौगोलिक क्षेत्र वा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्र। | |

(२) उपदफा (१) पछी देहायका उपदफा (१क), (१ख), (१ग), (१घ), (१ङ), (१च), (१छ) र (१ज) थपिएका छन्,-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको संघीय स्वास्थ्य सेवाबाट समायोजन ऐन बमोजिम समायोजन भई आएका प्रदेश स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको तहवृद्धि सम्बन्धी व्यवस्था स्वास्थ्य सेवा ऐन, २०५३ ले तोके बमोजिम स्तरवृद्धिलाई तहवृद्धि कायम गरी देहाय बमोजिम तहवृद्धि गरिनेछः-

| क्रम संख्या | हालको तह | तहवृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नु अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्य सम्पादन मुल्याङ्कनमा प्राप्त गर्नु पर्ने अङ्क | आवश्यक भौगोलिक क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | चौथों | पाँचौ | पाँच वर्ष | औसतमा पचहत्तर प्रतिशत अङ्क | कम्तीमा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्रमा काम गरेको वा एक वर्ष "क" वर्गको भौगोलिक क्षेत्रमा काम गरेको अनुभव |
| २. | पाँचौ (क) शुरू नियुक्ति भएका वा पाँचौ तहमा स्तर वृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका (ख) पाँचौ तहमा आन्तरिक | छैठौं | पाँच वर्ष | औसतमा पचहत्तर प्रतिशत अङ्क | कम्तीमा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्रमा काम गरेको वा एक वर्ष "क" वर्गको |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भएका वा स्तरवृद्धि भएका मध्ये सो तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका | छैठौं | पाँच वर्ष | औसतमा पचहत्तर प्रतिशत अङ्क | भौगोलिक क्षेत्रमा काम गरेको अनुभव |
| ३. | छैठौं<br>(क) छैंठौं तहमा लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्त भएका<br>(ख) छैंठौं तहमा स्तरवृद्धि भएका मध्ये बरिष्ठ पाँचौ तहमा तह मिलान भएका<br>(ग) छैंठौं तहमा स्तरवृद्धि भएका मध्ये पाँचौं तहमा शुरू नियुक्ति भएका | सातौं<br>सातौं<br>सातौं | स्वत:<br>पाँच वर्ष<br>पाँच वर्ष | -<br>औसतमा पचहत्तर प्रतिशत अङ्क<br>औसतमा पचहत्तर प्रतिशत अङ्क | -<br>कम्तीमा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्रमा काम गरेको वा एक वर्ष "क" वर्गको भौगोलिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | क्षेत्रमा काम गरेको अनुभव |
| ४. | सातौं<br>(क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, एकीकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत<br>(ख) खण्ड (क) बाहेकका छैठौं तहमा शुरू नियुक्ति भई सातौं तहको पदमा स्तरवृद्धि भएका र सातौं तहमा शुरू नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरू | आठौं<br>आठौं | स्वतः<br>तीन वर्ष | -<br>औसतमा पचहत्तर प्रतिशत अङ्क | -<br>कम्तीमा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्रमा काम |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) समायोजन ऐन बमोजिम सातौं तहमा समायोजन भएका र यस तालिकाको क्रम संख्या ३ बमोजिम सातौं तहमा तहबृद्धि भएका कर्मचारीहरु | आठौं | पाँच वर्ष | औसतमा पचहत्तर प्रतिशत अङ्क | गरेको वा एक वर्ष "क" वर्गको भौगोलिक क्षेत्रमा काम गरेको अनुभव |
| ५. | नवौं | दशौं | दुई वर्ष | औसतमा पचहत्तर प्रतिशत अङ्क | - |

तर माथिको तालिका बमोजिम तहबृद्धि हुने कर्मचारीको पदिय भूमिका र पद रिक्त हुने अवस्था स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको आधार पद हुनेछ।

(१ख) उपदफा (१) र (१क) मा जुन सुकै कुरा लेखिएको भए तापनि एक तह तहवृद्धि गर्दा भौगोलिक क्षेत्रमा काम गरे बापतको अनुभव यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश

निजामती सेवामा कार्यरत कर्मचारीलाई एक पटकको लागि आवश्यक पर्ने छैन।

(१ग) उपदफा (१) र उपदफा (१क) मा उल्लिखित कर्मचारीले सो उपदफामा उल्लिखित अवधिसम्म सोही उपदफामा उल्लेख भएको क्षेत्रमा काम नगरेको भए त्यस्तो नपुग अवधिसम्म त्यस्तो क्षेत्रमा गई रुजु हाजिर भई काम गरिसकेपछि मात्र त्यस्तो कर्मचारीलाई तहबृद्धि गरिनेछ।

तर पद वा दरबन्दी नभएका कारण कुनै कर्मचारीलाई त्यस्तो क्षेत्रमा खटाउन नसकिने भएमा यस दफाको अन्य उपदफाको अधिनमा रही त्यस्ता कर्मचारीलाई पनि माथिल्लो तहमा तह वृद्धि गर्न बाधा पर्ने छैन।

(१घ) माथिल्लो तहमा तहवद्धि भएको कर्मचारीले निज माथिल्लो तहमा बढुवा नभएसम्म जुन तहबाट तह वृद्धि भएको हो सोही तहको काम गर्नु पर्नेछ।

(१ङ) निजामती सेवा ऐन, २०४९ बमोजिम राजपत्रअनंकित प्रथम श्रेणीबाट कर्मचारी समायोजन ऐन बमोजिम समयावधि अपुग भई प्रदेशमा सहायकस्तर पाँचौं तहमा समायोजन भई यस ऐन बमोजिम छैंठौं तहमा तहवृद्धि लिएका र कर्मचारी समायोजन ऐन बमोजिम प्रदेशमा अधिकृतस्तर छैठौं तहमा समायोजन भएका प्रदेश निजामती सेवाका कर्मचारीलाई देहायको

योग्यता भएमा एक पटकका लागि सातौ तहमा तहवृद्धि गरिनेछ।

(क) सेवा, समूहसँग मिल्दो प्रवीणता प्रमाणपत्र तह वा सो सरहको योग्यता भएमा,

(ख) छैंठौ तहमा पाँचवर्ष सेवा अवधि पुरा गरेमा।

(१च) उपदफा (१ङ) बमोजिम तहवृद्धि हुने कर्मचारीले प्रदेश निजामती सेवाको सम्बन्धित पाँचौ तहको दरबन्दीमा पदपूर्ति वा छैठौं तहमा तहवृद्धि नहुँदासम्म छैठौं तहको भूमिका र जिम्मेवारी निर्वाह गर्नु पर्नेछ।

(१छ) कर्मचारी समायोजन ऐन बमोजिम संघीय स्वास्थ्य सेवाबाट प्रदेश स्वास्थ्य सेवामा समायोजन भएका हाल चौथो, पाचौं र छैंठौ तहमा कार्यरत प्रदेश स्वास्थ्य सेवाका कर्मचारीले पाँच वर्ष सेवा अवधि पुरा गरेमा एक पटकका लागि क्रमशः पाँचौं, छैठौं र सातौ तहमा निजहरूको तहवृद्धि गरिनेछ।

तर संघीय स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम सातौं तहमा स्तरवृद्धि वा तहवृद्धि वा बढुवा नहुने कर्मचारीको हकमा सातौं तहमा तहवृद्धि भए तापनि छैठौ तहको पदनाम र पदिय भूमिका स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको आधार पद हुनेछ।

(१ज) उपदफा (१ङ) र (१छ) बमोजिम तहबृद्धि भएका कर्मचारीको लागि तह कायम गर्न माथिल्लो तहको दरबन्दी स्वतः सिर्जना हुनेछ र यसरी सिर्जना भएको दरबन्दीमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारी अवकाश भएमा वा बढुवा भएमा शुरु नियुक्तिको पद रिक्त भएको मानिनेछ।

तर प्रदेश स्वास्थ्य सेवासँग सम्बन्धित पदको रिक्तता र खारेजी सम्बन्धी व्यवस्था संघीय स्वास्थ्य सेवा ऐन, २०५३ ले तोके बमोजिमको आधार पद हुनेछ।"

(३) उपदफा (४) मा रहेका "उपदफा (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "यस दफा बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

**१०.** **<u>मूल ऐनको दफा ३१ मा संशोधनः</u>** मूल ऐनको दफा ३१को,-

(१) उपदफा (१) मा रहेको तालिकाको अधिकृत नवौं तहमा बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता शिर्षक अर्न्तगतको महलमा रहेको "स्नातकोत्तर" भन्ने शब्दको सट्टा "स्नातक" भन्ने शब्द राखिएको र सोही तालिकाको सातौं तहमा बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता शिर्षक अर्न्तगतको महलमा रहेको "स्नातक तह" भन्ने शब्दहरुको सट्टा "प्रविणता प्रमाणपत्र तह वा सो सरह" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) पछि देहायका उपदफा (५), (६) (७) र (८) थपिएका छन्ः-

"(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुनु अगाडि प्रदेश लोक सेवा आयोगले प्रकाशित गरेको विज्ञापनमा यो ऐनले तोकेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका उम्मेदवार बढुवाको लागि योग्य हुनेछन्।

(६) स्थानीय स्वास्थ्य सेवाको पदमा कार्यरत आठौं तह वा सो भन्दा माथिको चिकित्सकले चिकित्सा क्षेत्रको कुनै विधामा विशेषज्ञता हासिल गरेमा त्यस्तो विशेषज्ञताको उपयोग स्थानीय तहले गर्न नसक्ने अवस्थामा त्यस्तो विशेषज्ञता उपयोग हुने प्रदेश सरकारले आवश्यकता ठानेमा प्रदेश सरकार अन्तर्गतको कुनै अस्पतालमा स्थानीय तहको सहमतिमा प्रदेश सरकारले त्यस्तो विशेषज्ञ चिकित्सकलाई काम काजमा खटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम प्रदेश सरकारले कामकाजमा लगाएमा त्यस्तो विशेषज्ञ चिकित्सकले प्रदेश स्वास्थ्य सेवाको विशेषज्ञ पदको समान तहका चिकित्सकले पाउने पारिश्रमिक, सेवा, सुविधा पाउनेछन् ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (६) बमोजिमको विशेषज्ञ चिकित्सकलाई प्रदेश सरकारले तीन वर्ष सम्म खटाएमा प्रदेश स्वास्थ्य सेवाको मिल्दो

सेवा समूहमा तोकिए बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्धारा हुने बढुवाको लागि त्यस्ता चिकित्सक सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।"

**११.** **<u>मूल ऐनको दफा ४६ मा संशोधनः</u>** मूल ऐनको दफा ४६ मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर समायोजन ऐन बमोजिम समायोजन भएका कर्मचारीले संघीय निजामती सेवा ऐन, २०४९ बमोजिम पाइरहेको सुविधामा प्रतिकूल असर पार्ने व्यवस्थालाई परिवर्तन गरी संघीय निजामती सेवा ऐन, २०४९ अनुकूलको शर्त भएमा त्यस्तो व्यवस्था यो प्रतिबन्धात्मक वाक्यांश प्रारम्भ हुँदाका बखत नै लागू हुनेछ।"

**१२.** **<u>मूल ऐनमा दफा १२१क थपः</u>** मूल ऐनको दफा १२१ पछि देहायको १२१क. थपिएको छः-

"**१२१क.** **<u>सेवा अवधि जोडिनेः</u>** सङ्घीय वा जुनसुकै प्रदेशको निजामती सेवाको कर्मचारी वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्ति भएको कर्मचारी प्रदेश लोक सेवा आयोगको पदपूर्ति प्रक्रियाद्वारा प्रदेशको कुनै निकायमा नियुक्त वा पदस्थापन भई साविकको निकायबाट रमाना लिई हाजिर भएमा साविकमा रहेको सेवा अवधि निजको सेवा अवधिमा जोडिनेछ।"

**प्रमाणिकरण मितिः २०८१/०९/२८**

**आज्ञाले,**

**अणप्रसाद न्यौपाने**

**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित ।
मूल्य रु. १५।-